# साना तथा मझौला सङ्गठित संस्थाको धितोपत्र निष्कासन तथा कारोबार नियमावली, २०८१

धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ११६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारको स्वीकृति लिई नेपाल धितोपत्र बोर्डले देहायका नियमहरू बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "साना तथा मझौला सङ्गठित संस्थाको धितोपत्र निष्कासन तथा कारोबार नियमावली, २०८१" रहेको छ।

(२) यो नियमावली नेपाल धितोपत्र बोर्डले तोकेको मितिदेखि प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,–

(क) "ऐन" भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ सम्झनु पर्छ।

(ख) "प्रत्याभूति" भन्नाले सङ्गठित संस्थाले सार्वजनिक निष्कासन गरेको धितोपत्र बिक्री नभएको अवस्थामा त्यस्तो धितोपत्र खरिद गर्ने गरी धितोपत्र व्यवसायीले गरेको करार सम्झनु पर्छ।

(ग) "सङ्गठित संस्था" भन्नाले नियम ३ बमोजिमको चुक्ता पुँजी भएको साना तथा मझौलास्तरको सङ्गठित संस्था सम्झनु पर्छ।

## परिच्छेद-२

## धितोपत्र दर्ता सम्बन्धी व्यवस्था

३. चुक्ता पुँजीको सीमाः यस नियमावली बमोजिम बोर्डमा धितोपत्र दर्ता गराउने सङ्गठित संस्थाको प्रारम्भिक सार्वजनिक निष्कासन पश्चातको चुक्ता पुँजीको सीमा बढीमा पच्चीस करोड रुपैयाँ हुनेछ।

तर सङ्गठित संस्थाको उपस्थिति र बजारको अवस्था हेरी नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिई बोर्डले अधिकतम सीमा घटाउन वा बढाउन सक्नेछ।

४. धितोपत्र दर्ता गराउन निवेदन दिनु पर्नेः (१) ऐनको दफा २७ बमोजिम धितोपत्र दर्ता गराउन सङ्गठित संस्थाले बोर्डमा अनुसूची–१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको निवेदनसाथ अनुसूची–२ बमोजिमको निवेदन दस्तुर बोर्डको खातामा जम्मा गरेको निस्सा तथा त्यस्तो सङ्गठित संस्थाको अख्तियारप्राप्त अधिकारीले प्रमाणित गरेको देहायका विवरण तथा कागजात समेत संलग्न गर्नु पर्नेछः—

(क) सङ्गठित संस्थाको अद्यावधिक प्रबन्धपत्र, नियमावली र शेयर लगत,

(ख) सङ्गठित संस्थाको सञ्चालक समितिबाट धितोपत्र दर्ता गराउने सम्बन्धमा भएको निर्णय र अख्तियारीको प्रतिलिपि,

(ग) सङ्गठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षणको वित्तीय विवरण,

(घ) सङ्गठित संस्थाको सञ्चालक समिति सम्बन्धी विवरण।

५. <u>धितोपत्र दर्ताः</u> (१) नियम ४ बमोजिम प्राप्त निवेदन र सोसाथ संलग्न विवरण तथा कागजातका सम्बन्धमा बोर्डले आवश्यक जाँचबुझ गर्नेछ।

(२) उपनियम (१) बमोजिम जाँचबुझ गर्दा पेस गर्नु पर्ने विवरण तथा कागजात पेस भएको नदेखिएमा वा सङ्गठित संस्थासँग थप विवरण माग गर्नु पर्ने वा कुनै विषयमा स्पष्ट हुनु पर्ने देखिएमा बोर्डले त्यस्तो विवरण वा कागजात माग गर्न वा स्पष्ट गराउनका लागि सम्बन्धित सङ्गठित संस्थालाई लेखी पठाउनेछ।

(३) उपनियम (१) र (२) बमोजिम प्राप्त विवरण तथा कागजात जाँचबुझ गर्दा त्यस्तो सङ्गठित संस्थाको धितोपत्र दर्ता गर्न उपयुक्त देखिएमा बोर्डले अनुसूची–२ बमोजिमको दस्तुर लिई त्यस्तो सङ्गठित संस्थाको धितोपत्र अनुसूची–३ बमोजिमको दर्ता किताबमा दर्ता गरी सात कार्य दिनभित्र सङ्गठित संस्थालाई अनुसूची–४ बमोजिमको ढाँचामा धितोपत्र दर्ता प्रमाणपत्र दिनु पर्नेछ।

(४) उपनियम (१) बमोजिम बोर्डले विवरण तथा कागजात जाँचबुझ गर्दा धितोपत्र दर्ता गर्न उपयुक्त हुने नदेखिएमा सोको कारण सहित सात कार्य दिनभित्र सम्बन्धित सङ्गठित संस्थालाई जानकारी दिनु पर्नेछ।

६. <u>धितोपत्र पुनः दर्ता गर्नु पर्नेः</u> (१) नियम ५ को उपनियम (३) बमोजिम धितोपत्र दर्ताको प्रमाणपत्र प्राप्त गरेका सङ्गठित संस्थाहरू एकआपसमा गाभिने वा कुनै सङ्गठित संस्थाको शेयर प्राप्त भएको कारणले शेयर संरचना वा नाममा परिवर्तन भएमा त्यस्तो सङ्गठित संस्थाले पुनः धितोपत्र दर्ता गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम पुनः दर्ता गर्दा नियम ४ बमोजिमको प्रक्रिया पूरा गर्नु पर्नेछ।

(३) यस नियम बमोजिम पुनः दर्ता गर्न पेस भएका सङ्गठित संस्थाको गाभिनु वा शेयर प्राप्त हुनुअघि त्यस्ता सङ्गठित संस्थाले बोर्डमा दर्ता गरेको धितोपत्रको अङ्कित मूल्यभन्दा बढी मूल्य कायम हुन आएमा त्यसरी बढी हुन आएको हदसम्म अनुसूची–२ बमोजिमको दस्तुर बुझाउनु पर्नेछ।

(४) धितोपत्र दर्ताको लागि पुनः पेस भएका विवरण तथा कागजात नियम ५ बमोजिम जाँचबुझ गर्दा धितोपत्र दर्ता गर्न उपयुक्त देखिएमा बोर्डले अनुसूची–३ बमोजिमको दर्ता किताबमा दर्ता गरी अनुसूची–४ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनेछ।

## परिच्छेद–३

## धितोपत्रको सार्वजनिक निष्कासन सम्बन्धी व्यवस्था

७. धितोपत्रको सार्वजनिक निष्कासन: (१) सङ्गठित संस्थासँग सम्बन्धित नियामक निकायले अन्यथा तोकेको अवस्थामा बाहेक देहायको अवस्था पूरा गरेको सङ्गठित संस्थाले जारी पुँजीको तीस प्रतिशतभन्दा घटी र उनान्चास प्रतिशतभन्दा बढी नहुने गरी धितोपत्रको प्रारम्भिक सार्वजनिक निष्कासन गर्न सक्नेछ:-

(क) पब्लिक कम्पनीको रूपमा आफ्नो उद्देश्य अनुसार कारोबार सञ्चालन गरी एक आर्थिक वर्षको पूर्ण अवधि पूरा गरेको,

(ख) प्रचलित कानून बमोजिम लेखापरीक्षण तथा साधारणसभा सम्पन्न गरेको,

(ग) पब्लिक कम्पनीको उद्देश्य अनुसार कारोबार सञ्चालन गर्न प्रचलित कानून बमोजिम कुनै निकायबाट इजाजत, अनुमति वा स्वीकृति लिनु पर्ने भएमा त्यस्तो इजाजत, अनुमति वा स्वीकृति लिइसकेको,

(घ) धितोपत्रको सार्वजनिक निष्कासन सम्बन्धमा निष्कासन तथा बिक्री प्रबन्धकसँग सम्झौता भइसकेको,

(ङ) संस्थापकहरूले लिन कबुल गरेको धितोपत्रको रकम शतप्रतिशत चुक्ता भइसकेको,

(च) सर्वसाधारणका लागि निष्कासन गरिने सम्पूर्ण धितोपत्रको प्रत्याभूति गरिएको।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको सङ्गठित संस्थाले धितोपत्रको सार्वजनिक निष्कासन गर्न पाउने छैन:-

(क) सङ्गठित संस्थाको सञ्चालक वा त्यस्तो संस्थाको आधारभूत शेयर स्वामित्व रहेको शेयरधनी कर्जा सूचना केन्द्रको कालोसूचीमा परेको, वा

(ख) सम्पत्ति शुद्धीकरण वा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूरमा अदालतबाट दोषी ठहर भई सजाय भुक्तान गरिरहेको व्यक्ति सञ्चालक रहेको सङ्गठित संस्था।

(३) संगठित संस्थाले प्रारम्भिक सार्वजनिक निष्कासन गर्नु पूर्व प्रारम्भिक सार्वजनिक निष्कासन गरिने धितोपत्रको पाँच प्रतिशत सोको निष्कासन तथा बिक्री प्रबन्ध सम्बन्धी कार्य गर्ने मर्चेन्ट बैङ्करले र पन्ध्र प्रतिशत योग्य संस्थागत लगानीकर्ताले खरिद गरेको हुनु पर्ने छ ।

(४) उपनियम (३) बमोजिम मर्चेन्ट बैङ्कर र योग्य संस्थागत लगानीकर्ताले खरिद गरेको धितोपत्र सर्वसाधारणलाई धितोपत्र बाँडफाँट भएको मितिले तीन वर्षसम्म बिक्री वा हस्तान्तरण गर्न पाइने छैन।

स्पष्टीकरणः यस उपनियमको प्रयोजनको लागि "योग्य संस्थागत लगानीकर्ता" भन्नाले बोर्डबाट स्वीकृति प्राप्त गरेको देहायको संस्थागत लगानीकर्ता सम्झनु पर्छः-

(क) सूचीकृत सङ्गठित संस्था,

(ख) विशेष ऐनद्वारा स्थापित वित्तीय संस्था,

(ग) सामूहिक लगानी कोष व्यवस्थापक,

(घ) सामूहिक लगानी कोषका योजना,

(ङ) मर्चेन्ट बैङ्कर,

(च) मान्यता प्राप्त अवकाश कोष,

(छ) बोर्डले समय समयमा तोकेको अन्य कोष, कम्पनी वा संस्था।

८. क्रेडिट रेटिङ्ग गर्न बोर्डले निर्देशन दिन सक्नेः (१) बोर्डले सङ्गठित संस्थाको क्रेडिट रेटिङ्ग गर्न आवश्यक देखेमा यस नियमावली बमोजिम धितोपत्रको सार्वजनिक निष्कासन गर्नुपूर्व क्रेडिट रेटिङ्ग गर्ने संस्थामार्फत् क्रेडिट रेटिङ्ग गराउन सङ्गठित संस्थालाई निर्देशन दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम बोर्डले निर्देशन दिएको अवस्थामा बाहेक सङ्गठित संस्थाले क्रेडिट रेटिङ्ग नगरी धितोपत्रको सार्वजनिक निष्कासन गर्न सक्नेछ।

९. विवरणपत्र स्वीकृतिको लागि निवेदन दिनु पर्नेः (१) सङ्गठित संस्थाले ऐनको दफा ३१ र यस नियमावली बमोजिम धितोपत्रको सार्वजनिक निष्कासन गर्न अनुसूची–५ बमोजिमको ढाँचामा विवरणपत्र तयार गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम तयार गरिएको विवरणपत्र स्वीकृतिको लागि देहायका विवरण तथा कागजात संलग्न गरी अनुसूची–६ बमोजिमको ढाँचामा बोर्डमा निवेदन दिनु पर्नेछः-

(क) सङ्गठित संस्थाको अधिकृत, जारी र चुक्ता पुँजीको संरचना प्रमाणित गर्ने विवरण,

(ख) सङ्गठित संस्थाको अद्यावधिक प्रबन्धपत्र र नियमावली,

(ग) सङ्गठित संस्थाको सम्पूर्ण सञ्चालकले दस्तखत गरेको एक प्रति विवरणपत्र र सोको विद्युतीय प्रति,

(घ) लेखापरीक्षण भएको पछिल्लो आर्थिक वर्षको वित्तीय विवरण,

(ङ) धितोपत्रको सार्वजनिक निष्कासन सम्बन्धमा निष्कासन तथा बिक्री प्रबन्धकसँग भएको सम्झौताको प्रतिलिपि,

(च) धितोपत्र प्रत्याभूतिको सम्झौतापत्रको प्रतिलिपि,

(छ) अनुसूची-२ बमोजिम विवरणपत्र स्वीकृतिको लागि लाग्ने दस्तुर बुझाएको निस्सा।

१०. विवरणपत्रको जाँचबुझः (१) नियम ९ बमोजिम स्वीकृतिको लागि पेस हुन आएको विवरणपत्रमाथि बोर्डले आवश्यक जाँचबुझ गर्नेछ।

(२) उपनियम (१) बमोजिम जाँचबुझ गर्दा विवरणपत्रमा समावेश गर्नु पर्ने कुनै विषय छुट भएको वा विवरणपत्रमा संशोधन वा थपघट गर्नु पर्ने देखिएमा बोर्डले त्यस्तो विषय समावेश गर्न वा विवरणपत्रमा आवश्यक संशोधन वा थपघट गर्न सम्बन्धित सङ्गठित संस्थालाई निर्देशन दिन सक्नेछ।

(३) उपनियम (२) बमोजिम बोर्डले दिएको निर्देशन बमोजिम विवरणपत्रमा संशोधन वा थपघट गरी सङ्गठित संस्थाले परिमार्जित विवरणपत्र बोर्डमा पेस गर्नु पर्नेछ।

११. <u>विवरणपत्रको स्वीकृति र प्रकाशन:</u> (१) बोर्डले नियम १० बमोजिम विवरणपत्र तथा कागजात जाँचबुझ गर्दा विवरणपत्र स्वीकृत गर्न उपयुक्त हुने देखेमा अनुसूची–७ बमोजिमको ढाँचामा स्वीकृति प्रदान गर्नेछ।

(२) उपनियम (१) बमोजिम बोर्डबाट विवरणपत्र स्वीकृत भएपछि प्रचलित कानून बमोजिम स्वीकृति प्राप्त मितिले सात दिनभित्र त्यस्तो विवरणपत्र प्रकाशन गर्नु पर्नेछ।

१२. <u>निष्कासन खुला गरिसक्नु पर्ने अवधि:</u> (१) बोर्डबाट धितोपत्रको सार्वजनिक निष्कासन सम्बन्धी व्यवस्था तथा विवरण स्वीकृत भएको मितिबाट दुई महिनाभित्र सङ्गठित संस्थाले धितोपत्रको बिक्री खुला गरिसक्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको अवधिभित्र धितोपत्र निष्कासन गर्न नसकिएमा त्यस्तो अवधिमा सङ्गठित संस्थाको प्राविधिक, वित्तीय र व्यवस्थापकीय पक्षमा कुनै परिवर्तन भएको भए त्यस्तो परिवर्तन भएको विषय समावेश गरी संशोधित विवरणपत्र बोर्डबाट स्वीकृत गराएर मात्र निष्कासन खुला गर्नु पर्नेछ।

१३. <u>आह्वानपत्र प्रकाशन:</u> (१) सङ्गठित संस्थाले विवरणपत्र प्रकाशन गरी धितोपत्र बिक्री वितरण गर्दा धितोपत्र बिक्री खुला गरिने दिनभन्दा कम्तीमा सात दिन अगाडि अनुसूची–८ बमोजिमका विवरण खुलाई निष्कासन तथा बिक्री प्रबन्धकमार्फत राष्ट्रियस्तरको दैनिक पत्रिकामा आह्वानपत्र प्रकाशन गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम प्रकाशन गरिएको आव्हानपत्र सम्बन्धित सङ्गठित संस्थाको वेबसाइटमा राखी सोको जानकारी बोर्डलाई समेत दिनु पर्नेछ।

१४. <u>निष्कासन खुला रहने अवधि:</u> (१) ऐन तथा यस नियमावली बमोजिम सार्वजनिक निष्कासन गरिने धितोपत्रको दरखास्त खुला रहने अवधि दरखास्त खुला भएको मितिले कम्तीमा चार कार्य दिन हुनेछ।

(२) उपनियम (१) बमोजिमको अवधिभित्र निष्कासन गरिएको सबै धितोपत्र बिक्री नभएमा सङ्गठित संस्थाले त्यस्तो दरखास्त खुला भएको मितिले बढीमा पन्ध्र दिनका लागि धितोपत्रको दरखास्त खुला राख्न सक्नेछ।

(३) उपनियम (२) मा उल्लिखित अवधिमा मागभन्दा बढी रकमको लागि आवेदन प्राप्त भएमा सोको जानकारी बोर्डलाई गराई एक दिन अगाडि सार्वजनिक

सूचना प्रकाशन गरी भोलिपल्ट कार्यालय समयपश्चात दरखास्त लिने कार्य बन्द गर्न सकिनेछ।

(४) उपनियम (१) र (२) मा उल्लिखित अवधिभित्र निष्कासन गरिएको धितोपत्रमध्ये पचास प्रतिशतभन्दा कमका लागि आवेदन प्राप्त भएमा निष्कासन तथा बिक्री प्रबन्धकले उक्त निष्कासन कार्य रद्द गरी आवेदकले दरखास्त बापत जम्मा गरेको रकम फुकुवा गर्नु पर्नेछ।

१५. <u>न्यूनतम शेयर सङ्ख्या:</u> (१) आवेदकले निष्कासन गरिने शेयरमध्ये न्यूनतम पाँच सय कित्ता खरिदको लागि दरखास्त दिनु पर्नेछ।

(२) सार्वजनिक निष्कासनको शेयर खरिदको लागि दरखास्त दिन सकिने अधिकतम सीमा विवरणपत्रमा उल्लेख भए बमोजिम हुनेछ।

१६. <u>अङ्कित मूल्य र दरखास्त रकम:</u> (१) सङ्गठित संस्थाले प्रारम्भिक सार्वजनिक निष्कासनमा शेयर खरिदको लागि दरखास्त आह्वान गर्दा दरखास्तसाथ कम्पनी सम्बन्धी प्रचलित कानूनमा व्यवस्था भए अनुसार प्रतिशेयरको अङ्कित मूल्यको पचास प्रतिशत मात्र रकम माग गर्नु पर्नेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विशेष ऐनमा शतप्रतिशत रकम माग गर्न सकिने व्यवस्था भएकोमा वा सञ्चालनमा रहेको सङ्गठित संस्थाले आफ्नो अघिल्लो तीन वर्षको लेखापरीक्षण भएको आर्थिक विवरण प्रकाशन गरी पुँजी सङ्कलन गर्दा पचास प्रतिशतभन्दा बढी रकम माग गर्ने व्यवस्था भएकोमा दरखास्तसाथ सोभन्दा बढी रकम माग गर्न सक्नेछ।

## परिच्छेद–४

## <u>धितोपत्रको बाँडफाँट सम्बन्धी व्यवस्था</u>

१७. <u>धितोपत्र बाँडफाँट प्रक्रिया:</u> (१) निष्कासन तथा बिक्री प्रबन्धकले यस नियमावली बमोजिम धितोपत्र खरिदको लागि दरखास्त आह्वान भए बमोजिम रीतपूर्वक पर्न आएका आवेदनको सङ्ख्याको आधारमा धितोपत्र बाँडफाँट गर्नुपूर्व बाँडफाँट तालिका बनाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको तालिकामा रहेका धितोपत्रको बाँडफाँट गर्दा सर्वप्रथम सबै आवेदकलाई न्यूनतम पाँच सय कित्ताको दरले धितोपत्र बाँडफाँट गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम बाँडफाँट गरेपश्चात बाँकी रहेको निष्काशित धितोपत्रको समानुपातिक रूपमा खण्डित नहुने गरी बाँडफाँट गर्नु पर्नेछ।

(४) उपनियम (२) र (३) बमोजिम धितोपत्र बाँडफाँट गर्दा सबै आवेदकलाई बाँडफाँट गर्न अपुग हुने अवस्थामा गोलाप्रथाबाट आवेदक छनोट गरी धितोपत्र बाँडफाँट गर्नु पर्नेछ।

(५) यस नियमावलीको प्रक्रिया पूरा गरी धितोपत्रको बाँडफाँटको जानकारी बोर्डलाई गराउनु पर्नेछ।

(६) सङ्गठित संस्थाले प्रचलित कानून बमोजिम आफ्ना कर्मचारीलाई धितोपत्रको बाँडफाँट गर्नु पर्ने भएमा यस नियमको प्रक्रिया पूरा गर्नु पर्नेछ।

(७) उपनियम (६) बमोजिम सङ्गठित संस्थाका कर्मचारीलाई धितोपत्र बाँडफाँट गर्नुपूर्व सम्बन्धित सङ्गठित संस्था र निष्कासन तथा बिक्री प्रबन्धकले बाँडफाँटको ढाँचा तयार गरी बाँडफाँट गर्नुअगावै बोर्डलाई जानकारी गराउनु पर्नेछ।

(८) यस नियम बमोजिम धितोपत्रको बाँडफाँट गरेको दिन वा भोलिपल्टसम्ममा निष्कासन तथा बिक्री प्रबन्धकले बोर्ड, धितोपत्र बजार, केन्द्रीय निक्षेप प्रदायक संस्था र सर्वसाधारणलाई जानकारी गराउनु पर्नेछ।

(९) उपनियम (८) बमोजिम धितोपत्र बाँडफाँट र आवेदकलाई जानकारी गराउँदा विद्युतीय माध्यमबाट गराउन सकिनेछ।

१८. <u>धितोपत्रको बाँडफाँट गर्नु पर्ने अवधि:</u> (१) सार्वजनिक निष्कासनको लागि खुला गरिएको धितोपत्र बिक्री बन्द भएको मितिले बढीमा पन्ध्र दिनभित्र बाँडफाँट गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको समयावधिभित्र बाँडफाँट गर्न नसकेमा आवेदकले दरखास्त बापत जम्मा गरेको रकम फुकुवा गर्नु पर्नेछ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि काबु बाहिरको परिस्थितिको कारण बाँडफाँट गर्न नसकी निष्कासन तथा बिक्री प्रबन्धकले थप समय माग गरेमा बोर्डले आवश्यक समयावधि थप गर्न सक्नेछ।

## परिच्छेद–५

## हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था

१९. <u>हकप्रद शेयर निष्कासन:</u> (१) सङ्गठित संस्थाले धितोपत्रको हकप्रद शेयर निष्कासनको प्रयोजनको लागि निर्धारित साधारण सभाको बुक क्लोज मितिसम्ममा कायम रहेका शेयरधनीलाई धितोपत्र जारी गरी पुँजी बढाउन हकप्रद शेयर निष्कासन गर्न सक्नेछ।

(२) सङ्गठित संस्थाको सञ्चालक समितिबाट हकप्रद निष्कासन सम्बन्धी निर्णय भएको बढीमा एक महिनाभित्र त्यस्तो प्रस्ताव साधारण सभामा पेस गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम सङ्गठित संस्थाले साधारण सभामा पेस गरी हकप्रद निष्कासन गर्ने निर्णय गरेको पन्ध्र दिनभित्र सञ्चालक समितिका सदस्य तथा निजका एकाघर परिवारका सदस्यले आफूले लिनु पर्ने हकप्रद शेयर बराबरको रकम जम्मा गरिसकेपछि मात्र अन्य शेयरधनीका लागि हकप्रद शेयरको दरखास्त खुला गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम सङ्गठित संस्थाको सञ्चालक समितिका सदस्य तथा निजका एकाघर परिवारका सदस्यको लागि निष्कासन भएको हकप्रद शेयर नलिएमा वा लिन नचाहेमा सोको जानकारी आव्हानपत्रमा समावेश गर्नु पर्नेछ।

(५) हकप्रद शेयर निष्कासनको रकम सङ्कलन गर्ने प्रयोजनको लागि सङ्गठित संस्थाले आफ्नो नामको छुट्टै बैङ्क खाताको प्रयोग गर्नु पर्नेछ।

२०. <u>हकप्रद शेयर निष्कासनको आव्हानपत्र प्रकाशनः</u> सङ्गठित संस्थाले आफ्ना शेयरधनीको जानकारीको लागि धितोपत्र बिक्री खुला गर्नुभन्दा कम्तीमा सात दिनअगावै कम्तीमा एउटा राष्ट्रियस्तरको दैनिक पत्रिकामा धितोपत्र बिक्री खुला सम्बन्धी अनुसूची–९ बमोजिमका विवरण खुलाई आव्हानपत्र प्रकाशन गर्नु पर्नेछ र सोको जानकारी बोर्डलाई समेत दिनु पर्नेछ।

२१. <u>हकप्रद शेयर निष्कासन बिक्री खुला गर्नु पर्ने अवधि र दरखास्त दिन सकिने सङ्ख्याः</u> (१) धितोपत्रको हकप्रद निष्कासन गर्ने सङ्गठित संस्थाले आफ्नो साधारण सभाले हकप्रद निष्कासन गर्ने निर्णय गरेको तीस दिनभित्र हकप्रद निष्कासनको बिक्री खुला गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निष्कासन गरिने हकप्रद शेयरको दरखास्त खुला रहने अवधि बढीमा पन्ध्र दिन हुनेछ।

(३) हकप्रद निष्कासन भएको धितोपत्रको लागि दरखास्त दिँदा योग्य शेयरधनीले त्यस्तो हकप्रद निष्कासनको लागि निर्धारित अनुपातभन्दा बढी सङ्ख्यामा समेत आवेदन दिन सक्नेछ।

२२. <u>हकप्रद शेयरको बाँडफाँट प्रक्रियाः</u> (१) निष्कासन तथा बिक्री प्रबन्धकले हकप्रद शेयरको खरिदको लागि दरखास्त आव्हान बमोजिम रीतपूर्वक पर्न आएका सबै आवेदनको सङ्ख्याको आधारमा धितोपत्र बाँडफाँट गर्नुपूर्व बाँडफाँट तालिका बनाउनु पर्नेछ।

(२) निष्कासन गर्दा तोकिएको अवधिभित्र दरखास्त परेका हकप्रद शेयरको बाँडफाँट उपनियम (१) बमोजिम तालिका र निष्कासन हुँदा निर्धारित अनुपातका आधारमा गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम बाँडफाँट भएपश्चात बाँकी रहेको धितोपत्र बढी माग गर्ने योग्य शेयरधनीलाई प्राथमिकतामा राखी खण्डित शेयरमा नआउने गरी समानुपातिक रूपमा बाँडफाँट गर्नु पर्नेछ।

(४) यस नियम बमोजिम बाँडफाँट भएपछि शेयर बाँकी रहन गएमा त्यस्तो शेयर गोलाप्रथाद्वारा पुनः बाँडफाँट गर्नु पर्नेछ।

(५) यस नियमको प्रक्रिया पूरा गरी हकप्रद शेयर बाँडफाँट भएको जानकारी बोर्डलाई गराउनु पर्नेछ।

(६) यस नियम बमोजिम हकप्रद शेयर बाँडफाँट गरेको दिन वा भोलिपल्टसम्ममा निष्कासन तथा बिक्री प्रबन्धकले बोर्ड, धितोपत्र बजार, केन्द्रीय निक्षेप प्रदायक संस्था तथा हकप्रद शेयर प्राप्तकर्ता र अन्य सम्बद्ध निकायलाई जानकारी गराउनु पर्नेछ।

(७) उपनियम (६) बमोजिम धितोपत्र बाँडफाँट वा आवेदकलाई जानकारी गराउँदा विद्युतीय माध्यमबाट गराउन सकिनेछ।

२३. <u>हकप्रद शेयरको बाँडफाँट गर्नु पर्ने समयावधिः</u> यस नियमावली बमोजिम बिक्री गरिने हकप्रद शेयर त्यस्तो शेयरको बिक्री बन्द भएको मितिले बढीमा सात दिनभित्र बाँडफाँट गर्नु पर्नेछ।

२४. <u>बोर्डमा दर्ता गर्नु पर्नेः</u> (१) नियम २२ बमोजिम बाँडफाँट भएको धितोपत्र बाँडफाँट भएको पन्ध्र दिनभित्र अनुसूची–२ बमोजिमको दस्तुर सहित बोर्डमा दर्ताका लागि अनुसूची–१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदनका सम्बन्धमा बोर्डले आवश्यक जाँचबुझ गरी सात दिनभित्र त्यस्तो धितोपत्र दर्ता गर्नु पर्नेछ।

## परिच्छेद–६

## <u>प्रिमियममा धितोपत्र निष्कासन तथा बोनस शेयर दर्ता सम्बन्धी व्यवस्था</u>

२५. <u>प्रिमियममा धितोपत्र निष्कासन गर्न सक्नेः</u> (१) सङ्गठित संस्थाले देहायको अवस्थामा प्रिमियममा धितोपत्रको सार्वजनिक निष्कासन गर्न सक्नेछः-

(क) सङ्गठित संस्था लगातार पछिल्लो तीन वर्षसम्म खुद मुनाफामा सञ्चालनमा रहेको,

(ख) सङ्गठित संस्थाको प्रतिशेयर चुक्ता पुँजीभन्दा प्रतिशेयर नेटवर्थ बढी भएको,

(ग) सङ्गठित संस्थाको साधारण सभाले प्रिमियम मूल्यमा धितोपत्र जारी गर्ने निर्णय गरेको,

(घ) सङ्गठित संस्थाले कम्तीमा औसत वा सोभन्दा माथिल्लो क्रेडिट रेटिङ्को ग्रेड प्राप्त गरेको र

(ङ) निष्कासन गरिने सम्पूर्ण धितोपत्रको प्रत्याभूति गरेको।

(२) नियम (१) बमोजिम प्रिमियममा धितोपत्र निष्कासन गर्दा सङ्गठित संस्थाको पछिल्लो लेखापरीक्षण भएको वित्तीय विवरण अनुसारको प्रतिशेयर नेटवर्थको दुई गुणासम्म निष्कासन मूल्य तोक्न सक्नेछ।

२६. <u>बोनस शेयर दर्ताः</u> (१) सङ्गठित संस्थाले साधारण सभाबाट प्रस्तावित बोनस शेयर दिने निर्णय गरेको दुई महिनाभित्र आफ्ना शेयरधनीलाई शेयर बाँडफाँट गरी अनुसूची–२ बमोजिमको शुल्क सहित बोर्डमा दर्ताका लागि अनुसूची–१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि काबु बाहिरको परिस्थिति परी त्यस्तो अवधिभित्र बोनस शेयर दर्ता गर्न नसक्ने सङ्गठित संस्थाले थप समय माग गरेमा बोर्डले आवश्यक समयावधि थप गर्न सक्नेछ।

(३) उपनियम (१) बमोजिम प्राप्त निवेदनको सम्बन्धमा बोर्डले आवश्यक जाँचबुझ गरी सात दिनभित्र त्यस्तो शेयर दर्ता गर्नु पर्नेछ।

## परिच्छेद–७

## धितोपत्रको सूचीकरण र खारेजी सम्बन्धी व्यवस्था

२७. धितोपत्रको सूचीकरण: (१) यस नियमावली बमोजिम धितोपत्र निष्कासन गरेको सङ्गठित संस्थाले धितोपत्र बजारमार्फत् धितोपत्रको कारोबार गर्न त्यस्तो धितोपत्र सम्बन्धित धितोपत्र बजारमा सूचीकरण गराउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम सङ्गठित संस्थाले धितोपत्र सूचीकरण गर्न धितोपत्रको सार्वजनिक निष्कासनको लागि विवरणपत्र स्वीकृत भएको बढीमा सात दिनभित्र सम्बन्धित धितोपत्र बजारमा निवेदन दिनु पर्नेछ।

(३) सङ्गठित संस्थाले जारी गरेको हकप्रद शेयर तथा बोनस शेयर बोर्डमा दर्ता भएको मितिले बढीमा सात दिनभित्र धितोपत्र बजारमा धितोपत्र सूचीकरण गर्न र केन्द्रीय निक्षेप कम्पनीमा धितोपत्र अभौतिकीकरण गर्न अनुसूची–२ बमोजिमको शुल्क सहित निवेदन दिनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम निवेदन प्राप्त भएपश्चात धितोपत्र बजार र केन्द्रीय निक्षेप कम्पनीले सात दिनभित्र धितोपत्रको सूचीकरण र अभौतिकीकरण गर्नु पर्नेछ।

(५) यस नियम बमोजिम सम्बन्धित सङ्गठित संस्थाले धितोपत्र सूचीकरण र अभौतिकीकरण गर्न निवेदन दिँदा बोर्डलाई जानकारी गराउनु पर्नेछ।

२८. सम्झौता गर्नु पर्ने: सङ्गठित संस्थाले यस नियमावली बमोजिम धितोपत्रको सूचीकरण र अभौतिकीकरण गराउँदा सम्बन्धित धितोपत्र बजार र केन्द्रीय निक्षेप कम्पनीसँग सम्झौता गर्नु पर्नेछ।

२९. सूचीकरणको स्वेच्छिक खारेजी प्रक्रिया: (१) सूचीकृत सङ्गठित संस्थाले देहायको अवस्थामा धितोपत्रको सूचीकरणको स्वेच्छिक खारेजीको लागि सम्बन्धित धितोपत्र बजारमा निवेदन दिन सक्नेछ:-

(क) साधारण सभाबाट सूचीकरणको स्वेच्छिक खारेजी गर्ने निर्णय भएको,

(ख) खण्ड (क) बमोजिमको साधारण सभामा उपस्थित भएका शेयरधनीमध्ये कम्तीमा नब्बे प्रतिशत शेयर स्वामित्व र पचहत्तर प्रतिशत शेयरधनीको प्रतिनिधित्व हुने गरी सूचीकरणको स्वेच्छिक खारेजी गर्ने निर्णयमा सहमति भएको, र

(ग) खण्ड (क) बमोजिमको साधारण सभामा उपस्थित भई सूचीकरणको स्वेच्छिक खारेजीमा असहमति जनाएको शेयरधनीको शेयर सङ्गठित संस्थाको सञ्चालकले खरिद गरी लिने सम्बन्धमा खरिद मूल्य निर्धारण गर्ने विधि, खरिद मूल्य र खरिद गर्ने प्रक्रिया सम्बन्धी निर्णय भएको।

(२) उपनियम (१) बमोजिम परेको निवेदन उपर धितोपत्र बजारले आवश्यक जाँचबुझ गरी उपयुक्त देखेमा धितोपत्रको सूचीकरण खारेज गर्न सक्नेछ।

(३) उपनियम (२) बमोजिम सूचीकरण खारेज गरिएको जानकारी धितोपत्र बजारले तत्काल बोर्ड र लगानीकर्तालाई दिनु पर्नेछ।

३०. <u>सूचीकरण खारेज (डिलिष्टिङ्ग) सम्बन्धी अन्य व्यवस्था:</u> (१) नियम २९ बमोजिमको स्वेच्छिक खारेजीको अवस्थाको अतिरिक्त धितोपत्र बजारले देहायको कुनै अवस्थामा सूचीकृत सङ्गठित संस्थाको धितोपत्रको सूचीकरण खारेज गर्न सक्नेछः-

(क) प्रचलित कानून बमोजिम सूचीकृत सङ्गठित संस्था एकआपसमा गाभिएमा वा प्राप्ति गरिएमा गाभिएको वा प्राप्ति गरिएको सङ्गठित संस्थाको धितोपत्रको सूचीकरण खारेज गर्नु परेमा,

(ख) सूचीकृत सङ्गठित संस्था एकआपसमा गाभिई वा प्राप्ति भई नयाँ सङ्गठित संस्था कायम भएमा त्यसरी कायम भएको नयाँ सङ्गठित संस्थाको धितोपत्र सूचीकरण हुने गरी साविकको सूचीकृत सङ्गठित संस्थाको धितोपत्रको सूचीकरण खारेज गर्नु परेमा,

(ग) कुनै सङ्गठित संस्था खारेजी (लिक्विडेशन) मा गएमा वा खारेजीमा गएको जानकारी प्राप्त भएमा,

(घ) सूचीकरणको वार्षिक शुल्क नबुझाएको कारणले धितोपत्र बजारले धितोपत्रको कारोबार स्थगन गरेकोमा सोही कारणबाट त्यस्तो सङ्गठित संस्थाको धितोपत्र लगातार दुई वर्षसम्म स्थगन भएमा,

(ङ) कुनै सूचीकृत सङ्गठित संस्थाले बोर्डले दिएको आदेश वा निर्देशनको पालना नगरेको कारण धितोपत्रको सूचीकरण खारेजी गर्न धितोपत्र बजारलाई निर्देशन दिएमा।

(२) उपनियम (१) बमोजिम धितोपत्र बजारले धितोपत्रको सूचीकरण खारेज गरेमा सोको जानकारी तत्काल सार्वजनिक गरी त्यस्तो सूचना कम्तीमा दुई वटा राष्ट्रियस्तरको पत्रिकामा प्रकाशन गर्नु पर्नेछ।

(३) उपनियम (१) को खण्ड (घ) र (ङ) बमोजिम धितोपत्रको सूचीकरण खारेजी हुँदाका बखत कायम रहेको सङ्गठित संस्थाको सञ्चालक, कार्यकारी प्रमुख वा सो सरहको पदमा बहाल रहेको व्यक्ति सूचीकरण खारेजी भएको मितिले तीन वर्ष पूरा नभएसम्म बोर्डबाट अनुमतिपत्रप्राप्त संस्था वा बोर्डमा धितोपत्र दर्ता गराएको कुनै

सूचीकृत सङ्गठित संस्थाको सञ्चालक, कार्यकारी प्रमुख वा सो सरहको पदमा बहाल हुन योग्य हुने छैन।

३१. <u>बोर्डमा निवेदन दिन सक्ने:</u> (१) धितोपत्र बजारले धितोपत्रको सूचीकरण गर्न इन्कार गरेकोमा वा धितोपत्रको सूचीकरण खारेजी वा कारोबार स्थगन गरेकोमा चित्त नबुझ्ने सूचीकृत सङ्गठित संस्थाले त्यस्तो सूचना वा जानकारी प्राप्त गरेको मितिले पैंतीस दिनभित्र बोर्डमा निवेदन दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदनमा बोर्डले आवश्यक जाँचबुझ गरी साठी दिनभित्र निर्णय गरी सक्नु पर्नेछ।

## परिच्छेद–८

## <u>धितोपत्रको कारोबार, राफसाफ तथा धितोपत्र हस्तान्तरण सम्बन्धी व्यवस्था</u>

३२. <u>कारोबार प्रणाली:</u> (१) धितोपत्र बजारले यस नियमावली बमोजिम सूचीकृत धितोपत्रको कारोबार सञ्चालनको लागि स्वचालित विद्युतीय कारोबार प्रणाली स्थापना गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको कारोबार प्रणालीमा मूल्य र समय प्राथमिकता (प्राईस टाइम प्रायोरिटी) को आधारमा कारोबार हुने व्यवस्था गरिएको हुनु पर्नेछ।

(३) धितोपत्र बजारले कम्तीमा प्रत्येक दुई वर्षमा त्यस्तो कारोबार प्रणालीको सम्परीक्षण (सिष्टम अडिट) गराउनु पर्नेछ र सोको प्रतिवेदन बोर्डमा पेस गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिमको प्रतिवेदनमा चित्त नबुझेमा बोर्डले विज्ञबाट कारोबार प्रणालीको सम्परीक्षण गराउन सक्नेछ। त्यसरी सम्परीक्षण गराउँदा लाग्ने खर्च सम्बन्धित धितोपत्र बजारले व्यहोर्नु पर्नेछ।

(५) उपनियम (४) बमोजिम कारोबार प्रणालीको सम्परीक्षणबाट कारोबार प्रणालीमा सुधार गर्नु पर्ने देखिएमा सो सम्बन्धमा बोर्डले सम्बन्धित धितोपत्र बजारलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(६) धितोपत्र दलाल र धितोपत्र ग्राहकले कारोबार प्रणालीमार्फत् धितोपत्रको कारोबार गर्नु पर्नेछ।

(७) धितोपत्र बजारले प्रयोग गर्ने कारोबार प्रणालीको सुरक्षण सम्बन्धी व्यवस्था कम्तीमा तीन वटा धितोपत्र बजारमा सञ्चालनमा रहेको अन्तर्राष्ट्रिय मापदण्ड अनुरूपको हुनु पर्नेछ।

(८) धितोपत्र बजारले कारोबार प्रणालीको डिजाष्टर्ड रिकभरी सिष्टमको सम्बन्धमा आवश्यक व्यवस्था गर्नु पर्नेछ।

३३. <u>धितोपत्र खरिद र बिक्री गर्न आदेश दिन सक्ने:</u> (१) कसैले यस नियमावली बमोजिम धितोपत्र खरिद वा बिक्री गर्न चाहेमा सोको लागि धितोपत्र दलालले प्रयोगमा ल्याएको विद्युतीय (अनलाइन) कारोबार प्रणालीमा भएको व्यवस्था बमोजिम कारोबारको लागि विद्युतीय (अनलाइन) माध्यमबाट आदेश दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम खरिद वा बिक्रीकर्ताले खरिद वा बिक्रीको आदेश दिँदा देहायको जानकारी उल्लेख गर्नु पर्नेछ:-

(क) आदेश दिनेको पहिचान स्पष्ट खुल्ने व्यवस्था,

(ख) शेयर कारोबार गर्न चाहेको सङ्गठित संस्था, धितोपत्रको किसिम, परिमाण, मूल्य र समय,

(ग) धितोपत्र खरिद वा बिक्री केको लागि आदेश दिइएको हो सो कुरा,

(घ) बोर्डले तोके बमोजिमका अन्य कुरा।

३४. <u>आदेश प्राप्त गर्नु पर्ने:</u> (१) धितोपत्र दलालले नियम ३३ बमोजिम सम्बन्धित आदेशकर्ता ग्राहकको आदेश प्राप्त भएपछि मात्र धितोपत्रको कारोबार गर्नु पर्नेछ।

(२) धितोपत्र दलालले उपनियम (१) बमोजिम आदेश प्राप्त गरेपश्चात सोही बमोजिम धितोपत्रको कारोबारको लागि ग्राहकलाई दिएको विद्युतीय (अनलाइन) कारोबार प्रणालीमा आदेश प्रविष्ट गर्नु पर्नेछ।

३५. <u>कारोबारको अभिलेख राख्नु पर्ने:</u> (१) धितोपत्र दलालले विद्युतीय वा अन्य माध्यमबाट प्राप्त गर्ने आदेशमा उल्लिखित धितोपत्रको मूल्य र सङ्ख्या लगायत आदेशसँग सम्बन्धित अन्य आवश्यक विवरणको अभिलेख राख्ने व्यवस्था गर्नु पर्नेछ।

(२) यस नियम बमोजिम अभिलेख राख्ने सम्बन्धी सम्पूर्ण जिम्मेवारी सम्बन्धित धितोपत्र दलालको हुनेछ।

३६. <u>मूल्य परिवर्तन सीमा:</u> (१) धितोपत्र बजारले देहायका आधारमा प्रत्येक दिनको मूल्य परिवर्तनको सीमा कायम गर्नु पर्नेछ:—

(क) धितोपत्रको सूचीकरणपश्चात पहिलो कारोबारको मूल्य र त्यसपछि हुने कारोबार मूल्य बीचको अन्तर,

(ख) अघिल्लो दिनको बजार बन्द हुँदा कायम रहेको मूल्य र अर्को दिन सुरु कारोबार मूल्य बीचको अन्तर,

(ग) लगातार साठी दिनसम्म कारोबार नभएको धितोपत्रको पुनः कारोबार हुँदा कायम हुने सुरु मूल्य,

(घ) कारोबार समय र कारोबार मूल्यको आधारमा कायम हुने मूल्य।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सूचीकृत सङ्गठित संस्थाले धितोपत्रको दाखिल खारेज बन्द गरेको अवस्थामा त्यस्तो दाखिल खारेज बन्द भएपछि हुने सुरु कारोबार र साठी दिनभन्दा बढी अवधिदेखि कुनै कारोबार नभएको सूचीकृत सङ्गठित संस्थाको धितोपत्रको कारोबारको हकमा धितोपत्र बजारले मूल्य परिवर्तन सीमा सम्बन्धमा फरक व्यवस्था गर्न सक्नेछ।

(३) उपनियम (१) र (२) बमोजिमको मूल्य परिवर्तन सीमा सम्बन्धमा धितोपत्र बजारले कारोबार प्रणालीमा आवश्यक व्यवस्था गर्नु पर्नेछ।

३७. <u>धितोपत्र कारोबारको सङ्ख्या तोक्न सक्ने:</u> धितोपत्र बजारले अग्रिम सूचना प्रकाशन गरी धितोपत्रको बाँडफाँट बमोजिम हुने गरी कारोवार हुने न्यूनतम र अधिकतम धितोपत्रको सङ्ख्या तोक्न सक्नेछ।

३८. <u>सर्किट ब्रेकर सम्बन्धी व्यवस्था:</u> (१) धितोपत्र बजारले विनियमावलीमा व्यवस्था गरी आवश्यकता अनुसार कारोबारमा सर्किट ब्रेकर लाग्ने व्यवस्था गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको सर्किट ब्रेकर सम्बन्धी व्यवस्थामा परिवर्तन गर्न बोर्डले धितोपत्र बजारलाई आवश्यक निर्देशन दिन सक्नेछ।

३९. <u>धितोपत्र कारोवारको स्थगन प्रक्रिया:</u> (१) विपद्, राष्ट्रिय सङ्कट वा काबु बाहिरको परिस्थिति आइपरेमा निश्चित समयको लागि कारोबारको स्थगन गर्दा धितोपत्र बजारले बोर्डलाई जानकारी दिई गर्नु पर्नेछ।

(२) धितोपत्र बजारले लगानीकर्ताको हितको संरक्षण गर्न आवश्यक र उचित छ भन्ने लागेमा वा आफ्नो कारोबार प्रणालीप्रति जनविश्वास कायम राख्न कुनै धितोपत्रको कारोबार रोक्न आवश्यक ठानी त्यस्तो धितोपत्रको कारोबार अस्थायी रूपमा स्थगन गर्दा बोर्डको पूर्वस्वीकृति लिई गर्न सक्नेछ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस नियमावली बमोजिम सूचीकृत सङ्गठित संस्थाले पेस गर्नु पर्ने सूचना, जानकारी, विवरण वा प्रतिवेदन पेस नगरेमा धितोपत्र बजारले त्यस्तो सूचीकृत सङ्गठित संस्थाको धितोपत्रको कारोबार अस्थायी रूपमा स्थगन गरेको कारण सहितको सूचना सम्बन्धित सूचीकृत सङ्गठित संस्थालाई दिनु पर्नेछ।

(४) उपनियम (१) र (२) बमोजिम गरेको कारोवारको स्थगन सम्बन्धी सूचना वा जानकारी धितोपत्र बजारले बोर्डलाई तुरुन्त गराउनु पर्नेछ।

४०. <u>कारोबारको राफसाफ:</u> (१) धितोपत्र बजारमा कारोबार गर्ने ग्राहकले आफूले गरेको कारोबारको राफसाफ निर्धारित समयमा गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम राफसाफको लागि सम्बन्धित ग्राहकसँग लिनु वा दिनु पर्ने धितोपत्र वा रकमको सम्बन्धमा धितोपत्र दलालले आवश्यक व्यवस्था गरी निर्धारित समयभित्र राफसाफ हुने व्यवस्था गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम निर्धारित समय धितोपत्र वा रकम बुझाई कारोबार राफसाफ गर्न नसकेको अवस्थामा धितोपत्र बजारले त्यस्तो व्यवसायीलाई तत्काल कारोबार गर्न रोक लगाउनु पर्नेछ।

४१. <u>राफसाफ गर्ने जिम्मेवारी:</u> (१) धितोपत्र बजारमा सम्पन्न भएको कारोबारको राफसाफ सेवा प्रदान गर्ने जिम्मेवारी सम्बन्धित धितोपत्र बजारले धितोपत्र कारोबारको राफसाफ गर्ने उद्देश्यले स्थापना गरेको संस्थाको हुनेछ।

(२) राफसाफ सम्बन्धी निर्धारित व्यवस्था बमोजिम राफसाफ सम्पन्न नगरेमा बोर्डले कारोबारसँग सम्बन्धित व्यवसायी वा राफसाफ सेवा प्रदान गर्ने संस्थालाई आवश्यक निर्देशन दिई राफसाफ गराउन सक्नेछ।

४२. <u>राफसाफ कोष सम्बन्धी व्यवस्था:</u> धितोपत्र बजारले खडा गरेको राफसाफ कोषलाई साना तथा मझौला व्यवसायको कारोबारको लागि समेत प्रयोग गर्न सकिनेछ।

४३. <u>नेटिङ्ग प्रणालीमार्फत् राफसाफ गर्न सकिने:</u> (१) धितोपत्र कारोबारको राफसाफ गर्दा नेटिङ्ग प्रणालीमार्फत् गर्न सकिनेछ।

(२) नेटिङ्ग प्रणाली सम्बन्धी व्यवस्था धितोपत्र बजार वा राफसाफ तथा फर्स्यौट गर्ने संस्थाको विनियममा व्यवस्था भए बमोजिम हुनेछ।

४४. <u>हस्तान्तरण सम्बन्धी प्रक्रिया:</u> (१) सूचीकृत सङ्गठित संस्थाले धितोपत्र बजारबाट कारोबार सम्पन्न भई राफसाफ भएको धितोपत्रलाई सम्बन्धित खरिदकर्ताको नाममा हस्तान्तरण गर्दा केन्द्रीय निक्षेप सेवा प्रदान गर्न अनुमतिपत्रप्राप्त संस्थाले गर्नु पर्नेछ।

(२) कसैले केन्द्रीय निक्षेप सेवा प्रदान गर्ने अनुमतिप्राप्त संस्थामा देहायको अवस्थामा धितोपत्र हस्तान्तरणको लागि निवेदन दिएमा त्यस्तो निवेदन उपर केन्द्रीय निक्षेप सेवा प्रदान गर्ने अनुमतिप्राप्त संस्थाले आवश्यक जाँचबुझ गरी सूचीकृत धितोपत्र हस्तान्तरण गर्न सक्नेछ:-

(क) धितोपत्र धनीको मृत्यु भई सम्बन्धित हकवालाको नाममा हस्तान्तरण गर्नु परेमा,

(ख) अंशवण्डा भई अंशियारको नाममा हस्तान्तरण गर्नु परेमा,

(ग) एकाघरको सदस्य बीच हस्तान्तरण हुने भएमा।

(३) उपनियम (२) बमोजिम हुने हस्तान्तरणको सम्बन्धमा केन्द्रीय निक्षेप सेवा प्रदान गर्न अनुमतिपत्रप्राप्त संस्थाको विनियममा व्यवस्था भए बमोजिम हुनेछ।

(४) सम्बन्धित लगानीकर्ताबाट आफूलाई हस्तान्तरण हुने शेयर भौतिक रूपमा उपलब्ध गराउन माग भई निवेदन प्राप्त भएमा केन्द्रीय निक्षेप कम्पनीले सम्बन्धित सूचीकृत सङ्गठित संस्थासँग समन्वय गरी भौतिक शेयर उपलब्ध गराउने व्यवस्था गर्नु पर्नेछ।

४५. <u>धितोपत्र बिक्री गर्न नपाइने:</u> (१) सर्वसाधारणको लागि प्राथमिक सार्वजनिक निष्कासन गरिएको धितोपत्र बाहेक अन्य धितोपत्र सङ्गठित संस्थाले सर्वसाधारण समूहको लागि प्राथमिक सार्वजनिक निष्कासन गरी शेयर बाँडफाँट भएको मितिले तीन वर्षको अवधि पूरा नभई बिक्री गर्न पाउने छैन।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राइभेट इक्विटी, भेञ्चर क्यापिटल, हेज फण्ड वा यस्तै प्रकारको कोषको रूपमा बोर्डमा वा विदेशमा दर्ता भएको कोषको स्वामित्वमा रहेको धितोपत्र सङ्गठित संस्थाले सर्वसाधारणका लागि

प्राथमिक सार्वजनिक निष्कासन गरेको शेयर बाँडफाँट भएको मितिले एक वर्षको अवधि पूरा भएपश्चात विक्री गर्न सक्नेछ।

(३) सङ्गठित संस्थाको सञ्चालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, कम्पनी सचिव वा सङ्गठित संस्थाको व्यवस्थापन वा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रूपले संलग्न व्यक्तिले त्यस्तो पदमा वहाल रहँदा त्यस्तो सङ्गठित संस्था वा त्यसको सहायक कम्पनीको धितोपत्र आफ्नो वा आफ्नो एकाघर परिवारको सदस्यको नाममा वा आफ्नो वा आफ्नो एकाघर परिवारको सदस्यको नियन्त्रणमा रहेको फर्म, कम्पनी वा संस्थाको नाममा खरिद वा बिक्री गर्ने वा गराउने भएमा बोर्डले समय समयमा तोकिदिए बमोजिमको स्वःघोषणा फारम भरी सोको जानकारी कम्तीमा सात कार्य दिन अगाडि धितोपत्र बजार र बोर्डलाई गराएर मात्र खरिद वा बिक्री गर्न सक्नेछ।

(४) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि धितोपत्र बिक्री वा हस्तान्तरण गर्न नपाइने गरी तोकिएको समयावधिभित्र त्यस्तो सङ्गठित संस्थाको धितोपत्र बिक्री वा हस्तान्तरण नभएको कारणले सङ्गठित संस्था सञ्चालनमा कुनै बाधा व्यवधान परेमा सम्बन्धित समूहका शेयरवाला बीचमा मात्र धितोपत्र बिक्री वा हस्तान्तरण गर्न बोर्डले स्वीकृति प्रदान गर्न सक्नेछ।

(५) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि धितोपत्र धारकको मृत्यु भएको अवस्थामा सम्बन्धित हकवालाको नाममा हस्तान्तरण गर्न कुनै बाधा पर्ने छैन।

## परिच्छेद–९

## सूचना, जानकारी तथा विवरण सम्बन्धी व्यवस्था

४६. **वित्तीय विवरण तथा सूचना उपलब्ध गराउनु पर्ने:** (१) ऐन तथा यस नियमावली बमोजिम धितोपत्र दर्ता गरेको सङ्गठित संस्थाले प्रत्येक तीन महिनाको अनुसूची–१० बमोजिमको विवरण सहितको प्रतिवेदन त्यस्तो त्रैमासिक अवधि समाप्त भएको तीस दिनभित्र बोर्ड र धितोपत्र बजारमा पेस गर्नु पर्नेछ र त्यस्तो प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ।

(२) ऐन तथा यस नियमावली बमोजिम धितोपत्र दर्ता गरेको सङ्गठित संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र अनुसूची–११ बमोजिमको वार्षिक प्रतिवेदन बोर्डमा पेस गर्नु पर्नेछ।

(३) धितोपत्र दर्ता गरेको सङ्गठित संस्थाले आफ्नो साधारण सभा गर्नुपूर्व त्यस्तो साधारण सभामा छलफल हुने विषयको जानकारी बोर्डलाई दिनु पर्नेछ र साधारण सभा सम्पन्न भएको मितिले तीस दिनभित्र साधारण सभामा पेस भएका प्रस्ताव, छलफल भएका विषय र निर्णय सम्बन्धी विवरण बोर्डमा पेस गर्नु पर्नेछ।

(४) धितोपत्र सूचीकरण गराएको सङ्गठित संस्थाले सूचीकृत धितोपत्रको बजार मूल्यमा असर पार्न सक्ने अनुसूची–१२ बमोजिमको कुनै घटना वा कारोबार

भएमा सोको सूचना धितोपत्र बजारलाई सोही दिन वा भोलिपल्ट कारोबार सुरु हुनुअगाडि दिई त्यसको जानकारी तीन दिनभित्र बोर्डलाई दिनु पर्नेछ।

(५) बोर्डले धितोपत्र दर्ता गर्ने सङ्गठित संस्थासँग वा धितोपत्र विनिमय बजारले सूचीकृत गरेको सङ्गठित संस्थासँग जहिलेसुकै पनि आवश्यक विवरण, सूचना, तथ्याङ्क वा जानकारी माग गर्न सक्नेछ।

(६) उपनियम (५) बमोजिम बोर्ड वा सम्बन्धित धितोपत्र बजारले माग गरेको विवरण, सूचना, तथ्याङ्क वा जानकारी बोर्ड वा सम्बन्धित धितोपत्र बजारलाई उपलब्ध गराउनु सम्बन्धित सङ्गठित संस्थाको कर्तव्य हुनेछ।

४७. <u>धितोपत्र बजारलाई जानकारी दिनु पर्ने:</u> (१) यस नियमावली बमोजिम तयार गर्नु पर्ने विवरणपत्र र विवरण पुस्तिकाको एक प्रति सङ्गठित संस्थाले स्वीकृतिको लागि बोर्डमा पठाउँदा सोको एकप्रति सम्बन्धित धितोपत्र बजारलाई समेत दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त विवरणलाई धितोपत्र बजारको सम्बन्धित विनियमावली अनुरूप सूचीकरण गर्न योग्य हुने नदेखिएमा त्यस्तो विवरण प्राप्त भएको मितिले सात कार्यदिनभित्र सम्बन्धित धितोपत्र बजारले बोर्डलाई जानकारी दिनु पर्नेछ।

## परिच्छेद–१०
## <u>विविध</u>

४८. <u>सङ्गठित संस्थाको वर्गीकरण:</u> धितोपत्र बजारले यस नियमावली बमोजिम दर्ता भएको सूचीकृत सङ्गठित संस्थाको आवश्यकता अनुसार विनियममा व्यवस्था गरी क्षेत्रगत हिसाबले वर्गीकरण गर्न सक्नेछ।

४९. <u>धितोपत्रको अङ्कित मूल्य:</u> यस नियमावली बमोजिम दर्ता तथा निष्कासन गरिने धितोपत्रको अङ्कित मूल्य साधारणतया एक सय रुपैयाँ हुनेछ।

५०. <u>बोर्डले निर्देशन दिन सक्ने:</u> (१) बोर्डले यस नियमावली अन्तर्गत दर्ता भएको सङ्गठित संस्थालाई धितोपत्र दर्ता, धितोपत्रको बिक्री वा बाँडफाँट, धितोपत्रको सूचीकरण, कारोबार, राफसाफ र हस्तान्तरणको सम्बन्धमा समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम बोर्डले दिएको निर्देशनको पालना गर्नु सम्बन्धित सङ्गठित संस्थाको कर्तव्य हुनेछ।

५१. <u>विनियम बमोजिम हुने:</u> (१) सङ्गठित संस्थाको धितोपत्रको सूचीकरण, सम्झौताको ढाँचा तथा विवरण, सूचीकृत सङ्गठित संस्थाको वर्गीकरण, सूचीकरण, खारेजी र पुन: सूचीकरण, कारोबार एकाइ तथा बोर्ड एकाइ, मूल्य निर्धारण प्रक्रिया, कारोबार गर्ने स्थान र समय, खरिद तथा बिक्री आदेश, कारोबार सञ्चालन प्रक्रिया तथा मूल्य परिवर्तन सीमा सम्बन्धी अन्य व्यवस्था ऐनको दफा ११७ बमोजिमको धितोपत्र बजारको विनियममा व्यवस्था भए बमोजिम हुनेछ।

(२) धितोपत्रको अभौतिकीकरण, कारोबारको राफसाफ र फछ्र्यौट सम्बन्धी अन्य व्यवस्था धितोपत्रको केन्द्रीय निक्षेप कम्पनीको विनियममा व्यवस्था भए बमोजिम हुनेछ।

५२. <u>अनुसूची हेरफेर गर्न सक्ने:</u> (१) बोर्डले आवश्यकता अनुसार अनुसूची हेरफेर गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन दस्तुर, सूचीकरण शुल्क तथा वार्षिक शुल्कको दररेटसँग सम्बन्धित अनुसूची हेरफेर गर्दा बोर्डले नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

अनुसूची–१

(नियम ४ को उपनियम (१), नियम २४ को उपनियम (१) र नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

<u>धितोपत्र दर्ताको लागि दिइने निवेदनको ढाँचा</u>

श्री नेपाल धितोपत्र बोर्ड

................................ ।

विषयः <u>धितोपत्र दर्ता गरी प्रमाणपत्र पाउँ।</u>

.................................. ऐन बमोजिम स्थापित ........................................ .................... को देहाय बमोजिमको धितोपत्र दर्ता गरी सोको प्रमाणपत्र पाउनको लागि रु. ........................ दस्तुर बुझाएको रसिद वा बैङ्क भौचर संलग्न गरी यो निवेदन पेस गरेको छु/गरेका छौं।

सङ्गठित संस्थाको नामः

सङ्गठित संस्थाको अख्तियारप्राप्त व्यक्तिको,-

नामः

दस्तखतः

पदः

मितिः

संस्थाको छापः

## अनुसूची–२

(नियम ४ को उपनियम (२), नियम ५ को उपनियम (३), नियम ६ को उपनियम (३), नियम ९ को उपनियम (२) को खण्ड (छ), नियम २४ को उपनियम (१), नियम २६ को उपनियम (१) र नियम २७ को उपनियम (३) सँग सम्बन्धित)

### शुल्क तथा दस्तुर

**(क) नेपाल धितोपत्र बोर्डमा बुझाउनु पर्ने निवेदन दस्तुर र दर्ता दस्तुरः**

१. निवेदन दस्तुरः रु. १०,०००।–

२. धितोपत्र दर्ता दस्तुरः दर्ता गरिने धितोपत्र निष्कासन मूल्यको ०.१० प्रतिशत

**(ख) धितोपत्र बजारमा बुझाउनु पर्ने सूचीकरण शुल्क, वार्षिक शुल्क र निवेदन दस्तुरः**

१. सूचीकरण शुल्कः रु. ५०,०००।–

२. वार्षिक शुल्कः रु. २५,०००।–

३. सूचीकरण निवेदन दस्तुरः रु. १०,०००।–

**(ग) केन्द्रीय निक्षेप कम्पनीमा बुझाउनु पर्ने दर्ता र वार्षिक शुल्कः**

१. दर्ता शुल्कः रु. ५०,०००।–

२. वार्षिक शुल्कः रु. २५,०००।–

अनुसूची–३

(नियम ५ को उपनियम (३) र नियम ६ को उपनियम (४) सँग सम्बन्धित)

## धितोपत्र दर्ता किताब

(क) सङ्गठित संस्थाको नाम:

(ख) ठेगाना (रजिष्टर्ड तथा मुख्य कार्यालय, सम्पर्क कार्यालय):

(ग) सङ्गठित संस्थाको दर्ता र कारोबार सञ्चालन मिति:

(घ) सङ्गठित संस्थाको उद्देश्य:

(ङ) व्यवसायको किसिम:

(च) अधिकृत पुँजी: .............. शेयर प्रति एकाइ मूल्य ............. दरले जम्मा रु. ......

(छ) जारी: ................. शेयर प्रति एकाइ मूल्य ............. दरले जम्मा रु. ..............

(ज) चुक्ता पुँजी ............ शेयर प्रतिएकाइ मूल्य ............. दरले जम्मा रु. ..............

(झ) अन्य ..........................

(ञ) संस्थापक र सञ्चालक सम्बन्धी विवरण:

नाम:

ठेगाना:

लिएको शेयर सङ्ख्या:

(ट) धितोपत्र निष्कासनको किसिम, सङ्ख्या र रकम:

(ठ) अन्य ...........................

अनुसूची–४

(नियम ५ को उपनियम (३) र नियम ६ को उपनियम (४) सँग सम्बन्धित)

धितोपत्र दर्ता प्रमाणपत्रको ढाँचा

नेपाल धितोपत्र बोर्ड

..............................

धितोपत्र दर्ता प्रमाणपत्र

.............................. मुख्य कार्यालय रहेको .......................... ले निष्कासन गरेको वा गर्न लागेको धितोपत्रको क्रमसङ्ख्या ............. देखि .................... सम्मको रु. ........ (प्रतिएकाइ मूल्य) का दरले कुल ...................... (धितोपत्र सङ्ख्या) .............. (धितोपत्रको किसिम) बोर्डमा दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ।

प्रमाणपत्र प्रदान गर्ने अधिकारीको,-

नामः

दस्तखतः

पदः

मितिः

## अनुसूची–५

(नियम ९ को उपनियम (१) सँग सम्वन्धित)

**विवरणपत्रमा उल्लेख गर्नु पर्ने विवरण**

**(क) विवरणपत्रको मुखपृष्ठमा उल्लेख हुनु पर्ने कुराहरुः**

१. "विवरणपत्र" भन्ने शब्द,

२. सङ्गठित संस्थाको नाम, लोगो तथा रजिष्ट्रर्ड कार्यालयको ठेगाना,

३. कुन ऐनको कुन दफा अन्तर्गत विवरणपत्र जारी भएको,

४. नेपाल धितोपत्र बोर्डबाट विवरणपत्र स्वीकृत भएको मिति,

५. कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति,

६. जारी गरिने धितोपत्रको किसिम र निष्कासन धितोपत्रको सङ्ख्या

७. धितोपत्रको अङ्कित मूल्य र दरखास्तसाथ भुक्तानी गर्नु पर्ने रकम,

८. लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण,

९. नियामक निकायको जवाफदेहिता नरहने उद्घोषण,

१०. निष्कासन खुला र बन्द हुने मिति,

११. निष्कासन तथा बिक्री प्रबन्धकको नाम, ठेगाना र लोगो,

१२. नेटवर्थ सम्बन्धी विवरण।

**(ख) विवरणपत्रको मुखपृष्ठको भित्री भागमा उल्लेख हुनु पर्ने कुराहरुः**

१. विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा।

**(ग) विवरणपत्रको दोस्रो पृष्ठबाट क्रमशः उल्लेख हुनु पर्ने कुराहरुः**

१. धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकको उद्घोषण,

२. सङ्गठित संस्थाको उद्घोषणः

(क) सञ्चालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी,

(ख) सङ्गठित संस्थाको जवाफदेहिता सम्वन्धी,

(ग) नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी,

(घ) संस्थापक, सञ्चालक तथा कार्यकारी प्रमुख सम्वन्धी उद्घोषण।

३. सङ्गठित संस्था सम्वन्धी जानकारीः

(क) सङ्गठित संस्थाको पृष्ठभूमि,

(ख) सम्पत्तिको विवरण,,

(ग) भावी योजना तथा रणनीति,

(घ) सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्वन्धी व्यवस्था।

४. पुँजी संरचना सम्बन्धी जानकारी,

५. संस्थापक वा सञ्चालक सम्बन्धी जानकारी,

६. सीमित दायित्व सम्वन्धी विवरण,

७. सङ्गठित संस्थाको उच्च व्यवस्थापन तहका कर्मचारी सम्बन्धी जानकारी,
८. लेखापरीक्षण भएको पछिल्लो तीन आर्थिक वर्षको वित्तीय विवरण,
९. धितोपत्र निष्कासनबाट प्राप्त पुँजीको उपयोग,
१०. विदेशी लगानी भए सो सम्बन्धी विवरण,
११. मुद्दा तथा विवाद सम्बन्धी विवरण,
१२. गुनासो सुन्ने र समाधान गर्ने प्रक्रिया,
१३. निष्कासन तथा बिक्री प्रबन्धकको प्रस्तुत गरेको प्रतिबद्धतापत्र (ड्यु डेलिजेन्स सर्टिफिकेट) को प्रति।

अनुसूची–६

(नियम ९ को उपनियम (२) सँग सम्बन्धित)

<u>धितोपत्रको निष्कासनको लागि दिइने निवेदनको ढाँचा</u>

श्री नेपाल धितोपत्र बोर्ड,

...........................

विषयः <u>विवरणपत्र स्वीकृत गरी पाउँ।</u>

यस ............................ ले अङ्कित मूल्य .......... को .... (धितोपत्रको नाम) .................... कित्ता सार्वजनिक निष्कासन गर्नको लागि तयार गरिएको विवरणपत्र तथा अन्य कागजातका साथै विवरणपत्र प्रशोधन बापतको रु. १०,०००।– (दश हजार) बोर्डको खातामा जम्मा गरेको भौचर समेत संलग्न गरी विवरणपत्र स्वीकृतिको लागि यो निवेदन पेस गरेको छु।

कार्यकारी प्रमुख

........................ लि.

दस्तखतः

नामः

अनुसूची–७

(नियम ११ को उपनियम (१) सँग सम्बन्धित)

<u>विवरणपत्रको स्वीकृति</u>

....................... मुख्य कार्यालय भएको .............................. ले रु. ...... (अङ्कित मूल्य) दरको .............. कित्ता ............... (धितोपत्रको किसिम) सार्वजनिक निष्कासन गर्नका लागि तयार गरेको विवरणपत्रलाई स्वीकृति प्रदान गरिएको छ।

उपरोक्त विवरणपत्रमा उल्लिखित ................ (धितोपत्रको किसिम) देहायका शर्तहरू पालना गर्नु पर्ने गरी निष्कासन गर्नु पर्नेछ।

<u>शर्तहरु:</u>

१. ...........................
२. ...........................
३. ...........................
४. ...........................
५. ...........................

सम्वन्धित पदाधिकारीको,-

नाम:

पद:........

दस्तखत:

मिति:

## अनुसूची–८

(नियम १३ को उपनियम (१) सँग सम्बन्धित)

<u>आव्हानपत्रमा उल्लेख गर्नु पर्ने न्यूनतम विवरण</u>

(क) बोर्डबाट विवरणपत्र वा बिक्री प्रस्ताव स्वीकृत भएको मिति र स्वीकृत विवरणपत्र कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको मिति,

(ख) धितोपत्र बिक्री खुला हुने मिति,

(ग) धितोपत्रको प्रतिएकाइ मूल्य र तत्काल बुझाउनु पर्ने पेश्की रकम,

(घ) धितोपत्र बिक्री बन्द हुने मिति र सबै धितोपत्र छिट्टै बिक्री भएमा छिटोमा बिक्री बन्द हुने मिति,

(ङ) दरखास्त फाराम भर्ने तरिका, दरखास्त बुझाउने बैङ्क, वित्तीय संस्था र सङ्कलन केन्द्रको नाम ठेगाना, टेलिफोन नम्बर र सम्पर्क व्यक्तिको नाम तथा निष्कासन बैङ्कको बैङ्क खाता नम्बरहरू,

(च) विवरणपत्र अन्य आवश्यक कागजात हेर्न सकिने ठाउँ,

(छ) धितोपत्रको लागि दरखास्त फाराम प्राप्त गर्न नसक्ने इच्छुक लगानीकर्ताहरूको लागि दरखास्त फारामको नमूना,

(ज) बोर्डबाट स्वीकृत विवरणपत्र वा बिक्री प्रस्तावको संक्षिप्त जानकारी हुने गरी त्यसमा उल्लेख भएका प्रमुख कुराहरू,

(झ) निष्कासनको क्रममा लगानीकर्ताहरूको गुनासो सुन्न तथा त्यसको समाधानका लागि गरिएको व्यवस्था।

## अनुसूची–९
(नियम २० सँग सम्बन्धित)

**हकप्रद शेयर निष्कासनको आव्हानपत्रमा उल्लेख गर्नु पर्ने न्यूनतम विवरण**

(क) सङ्गठित संस्थाको नाम,
(ख) सङ्गठित संस्थाको रजिष्टर्ड कार्यालय,
(ग) कारोबार स्थान,
(घ) सङ्गठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य,
(ङ) शेयर पुँजीको संरचना,
(च) हकप्रद शेयर निष्कासन गर्नुपूर्व र निष्कासनपश्चात सङ्गठित संस्थाको चुक्ता पुँजीको स्थिति,
(छ) हालका शेयरधनीहरूको समूह खुल्ने गरी संस्थापकहरूको हकमा निजहरूको नाम, ठेगाना तथा उनीहरूले लिएको शेयर सङ्ख्या,
(ज) निष्कासन गरिने हकप्रद शेयरको सङ्ख्या तथा त्यसको अनुपात,
(झ) धितोपत्र निष्कासन गर्ने सम्बन्धमा साधारण सभाले गरेको निर्णय तथा साधारण सभा सम्पन्न भएको मिति,
(ञ) सञ्चालकहरूको परिचय,
(ट) सञ्चालक समितिको बनौट,
(ठ) लिनु पर्ने न्यूनतम शेयर सङ्ख्या र दरखास्तसाथ पठाउनु पर्ने पेश्की रकम,
(ड) साविकका शेयरधनीले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरूको बिक्री गर्ने सम्बन्धी व्यवस्था,
(ढ) हकप्रद शेयरको अनुपातभन्दा बढी शेयर खरिद गर्न पाउने सम्बन्धी व्यवस्था,
(ण) सङ्गठित संस्थाको पछिल्लो वर्षको लेखापरीक्षण भएको वासलात र नाफा नोक्सान हिसाबको विवरण,
(त) धितोपत्र बाँडफाँट सम्बन्धी व्यवस्था,
(थ) सङ्गठित संस्थाको कारोबारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला भए सोको विवरण,
(द) धितोपत्र खरिद गर्न चाहने आवेदकले पालना गर्नु पर्ने मुख्य कुराहरू,
(ध) हकप्रद शेयर जारी गर्नुको उद्देश्य,
(न) हकप्रद शेयर बिक्री खुला अवधि,
(प) हकप्रद शेयर खरिदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरू,
(फ) आफ्नो व्यवसायसँग सम्बन्धित ऐन, नियम, कम्पनी ऐन तथा अन्य नियमन निकायले दिएको निर्देशनहरूको पूर्ण पालना गरेको सम्बन्धमा उद्घोषण,
(ब) पछिल्लो तीन वर्षको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको सङ्ख्या सम्बन्धी विवरण,
(भ) बोर्डले तोकेको अन्य विवरण।

अनुसूची–१०

(नियम ४६ को उपनियम (१) सँग सम्बन्धित)

<u>त्रैमासिक प्रतिवेदनमा समावेश गर्नु पर्ने विवरण</u>

१. वित्तीय विवरण:

(क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण, (उक्त विवरणमा गत वर्ष र यस वर्षको सोही अवधिको तुलनात्मक विवरण, सम्बन्धित पक्ष बीच भएको कारोबार सम्बन्धी विवरण समेत खुलाउनु पर्ने)

(ख) न्यूनतम रूपमा प्रमुख वित्तीय अनुपातहरू जस्तैः प्रतिशेयर आम्दानी, मूल्य आम्दानी अनुपात (P/E ratio), प्रतिशेयर नेटवर्थ, प्रतिशेयर कुल सम्पत्तिको मूल्य, तरलता अनुपात सम्बन्धी विवरण।

२. व्यवस्थापकीय विश्लेषण:

(देहायको कुराहरू समेत खुलेको सङ्गठित संस्थाको व्यवसायको विकास सम्बन्धमा व्यवस्थापनको धारणा उल्लेख गर्नु पर्ने)

(क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण,

(ख) आगामी अवधिको व्यावसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण,

(ग) विगतको अनुभवबाट, सङ्गठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण।

३. कानूनी कारवाही सम्बन्धी विवरण:

देहाय अनुसारको मुद्दा दायर भएको भए, मुद्दा दायर भएको मिति, विषय, मुद्दा दायर भएको संस्थापक वा सञ्चालकको नाम र सम्भाव्य कानूनी उपचार सम्बन्धी विवरण समावेश गरिनु पर्ने:

(क) त्रैमासिक अवधिमा सङ्गठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए,

(ख) सङ्गठित संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भए,

(ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए,

४. सङ्गठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण:

(क) धितोपत्र बजारमा भएको सङ्गठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा

(ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबार सङ्ख्या।

५. समस्या तथा चुनौती:

सङ्गठित संस्थाले बहन गर्नु परेको समस्या तथा चुनौती स्पष्ट रूपमा उल्लेख गर्नु पर्ने र उक्त समस्या तथा चुनौतीलाई सङ्गठित संस्थाको आन्तरिक र बाह्य भनी वर्गीकरण गरी त्यस्तो समस्या तथा चुनौती समाधान गर्न व्यवस्थापनले अवलम्बन गरेको रणनीति सम्बन्धी विवरण।

६. संस्थागत सुशासन:

संस्थागत सुशासन अभिवृद्धिका लागि व्यवस्थापनद्वारा चालिएका कदम सम्बन्धी विवरण।

७. सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष वा कार्यकारी प्रमुखको उद्घोषण:

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लिखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लिखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन।

## अनुसूची–११
(नियम ४६ को उपनियम (२) सँग सम्बन्धित)

**<u>वार्षिक प्रतिवेदनमा समावेश गर्नु पर्ने विवरण</u>**

१. प्रचलित कानून बमोजिम खुलाउनु पर्ने विवरणहरू समावेश गरिएको सञ्चालक समितिको प्रतिवेदन,

२. लेखापरीक्षकको प्रतिवेदन,

३. वासलात, नाफा नोक्सान, नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसूचीहरू सहित लेखापरीक्षण भएको वित्तीय विवरण,

४. कानूनी कारवाही सम्बन्धी विवरण,

देहाय अनुसारको मुद्दा दायर भएको भए, मुद्दा दायर भएको मिति, विषय, मुद्दा दायर भएको संस्थापक वा सञ्चालकको नाम र सम्भाव्य कानूनी उपचार सम्बन्धी विवरण समावेश गरिनु पर्नेः

(क) सङ्गठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए,

(ख) सङ्गठित संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भए,

(ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए,

५. सङ्गठित संस्थाको शेयर कारोबार तथा प्रगतिको विश्लेषणः

(क) धितोपत्र बजारमा भएको सङ्गठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा,

(ख) गत वर्षको प्रत्येक अर्धवार्षिक अवधिमा सङ्गठित संस्थाको शेयरको अधिकतम, न्यूनतम र अन्तिम मूल्यका साथै कुल कारोबार शेयर सङ्ख्या र कारोबार दिन।

६. समस्या तथा चुनौतीः

सङ्गठित संस्थाले बहन गर्नु परेको समस्या तथा चुनौती स्पष्ट रूपमा उल्लेख गर्नु पर्ने र उक्त समस्या तथा चुनौतीलाई सङ्गठित संस्थाको आन्तरिक र बाह्य भनी वर्गीकरण गरी त्यस्तो समस्या तथा चुनौती समाधान गर्न व्यवस्थापनले अवलम्बन गरेको रणनीति सम्बन्धी विवरण।

७. संस्थागत सुशासनः

संस्थागत सुशासन अभिवृद्धिका लागि व्यवस्थापनद्वारा चालिएका कदम सम्बन्धी विवरण।

## अनुसूची–१२

(नियम ४६ को उपनियम (४) सँग सम्बन्धित)

### विशेष घटना वा परिस्थिति सम्बन्धी न्यूनतम विवरणहरू

**क्र.सं. तुरुन्तै जानकारी गराउनु पर्ने घटनाहरू**

१. सङ्गठित संस्थाको प्रबन्धपत्र, नियमावली वा विनियममा संशोधन भएमा,

२. तात्विक असर पर्ने व्यावसायिक सम्झौता (Material Business Agreement),

३. तात्विक असर पर्ने व्यावसायिक सम्झौताको समाप्ति,

४. तात्विक असर पार्ने सम्पत्ति (Material Assets) खरिद वा बिक्री सम्बन्धी विवरण,

५. कुनै वित्तीय दायित्व, जमानत वा अन्य सम्भावित दायित्व सम्बन्धी विवरण,

६. व्यवसाय वा सेवाबाट बर्हिगमन सम्बन्धी विवरण,

७. सम्पत्तिको पुर्नमूल्याङ्कन सम्बन्धी विवरण,

८. लेखापरीक्षक परिवर्तन भएमा,

९. सङ्गठित संस्थाको सञ्चालक वा उच्च व्यवस्थापकीय तहका अधिकृतको परिवर्तन भएमा,

१०. सङ्गठित संस्थाको नियन्त्रणमा परिवर्तन भएमा,

११. शेयर पुंजीको स्वामित्व संरचना परिवर्तन भएमा,

१२. व्यवसायको प्रकृति परिवर्तन भएमा,

१३. लाभांश घोषणा वा पुँजी संरचना परिवर्तन भएमा,

१४. शेयरवालाको अधिकारमा तात्विक असर पर्ने गरी हेरफेर भएमा,

१५. सङ्गठित संस्थाले दायर गरेको वा सङ्गठित संस्था विरुद्ध दायर भएको मुद्दा,

१६. पूर्व घोषित वित्तीय विवरणहरू त्रुटि भएमा,

१७. ठेगाना परिवर्तन भएमा,

१८. व्यवसाय सञ्चालन हुन नसक्ने वा खारेजी,

१९. नामसारी दाखिल खारेज बन्द,

२०. कुनै असामान्य घटना र सङ्गठित संस्थामा परेको असर,

२१. आर्थिक वर्ष समाप्त भएको छ, महिना समाप्त भइसक्दा पनि वार्षिक साधारण सभा नभएमा,

२२. सूचीकरण खारेज भएको सूचना वा सूचीकरण हुन आवश्यक कुरा पूरा गर्न नसकेमा,

२३. सङ्गठित संस्थाको शेयरको मूल्यमा तात्विक प्रभाव पार्ने त्यस्तै अन्य कुनै घटना।